परिच्छेद ३

# ३.३ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार विश्लेषण

**(क) नेपालमा यौनिक तथा लैङ्गिक पहिचान**

नेपालको परिवेश सन्दर्भमा यौनिक र लैङ्गिक पहिचानको सवाललाई नयाँ विषयका रूपमा मान्न सकिन्छ। संस्कृति, प्रचलन, सामाजिक व्यवहारले लैङ्गिक अल्पसङ्ख्यक समुदायको सामाजिकीरणको अवस्था प्रकट हुन्छ। समाजको खुलापनले अल्पसङ्ख्यक समुदायप्रतिको दृष्टिकोण बुझ्न सहज हुन्छ। उत्पादन र वितरण प्रणालीमा सहभागिता तथा निर्णय गर्ने सामर्थ्यले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकार र पहिचानको अवस्था जनाउँछ।

अस्ट्रिया लेस्वियन फाउण्डेसन (Astrea Lesbian Foundation) ले गरेको एक अध्ययनमा हिन्दू धार्मिक ग्रन्थहरूमा यौनिक तथा लैङ्गिक विविधताका विभिन्न प्रकारका र सन्दर्भलाई स्वीकार गरेको उल्लेखित छ।[१] धार्मिक ग्रन्थहरूमा लैङ्गिक र यौनिकताको विषयलाई प्राथमिकता दिइएकोछ। हिन्दू धर्मग्रन्थहरूलाई आधार मान्ने हो भने यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यविरुद्धको भेदभाव धार्मिक आधारमा भएको होइन। यसको सट्टा, यस्तो भेदभाव संरचनात्मक सामाजिक विभाजन र पितृसत्ता जस्ता अन्धविश्वासको संयोजन हो, जसले नेपालमा विविध यौनिक र लैङ्गिक पहिचानहरूप्रतिको असहिष्णुतालाई प्रोत्साहित गर्दै आएको छ।

यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचानको चेतना र अभियान नेपालमा राजनीतिक परिवर्तनका लागि भएको विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलनहरूसँग सुरु भएको थियो।[२] त्यहीक्रममा नेपालमा विविध यौनिक र लैङ्गिक पहिचानको मान्यता २०४६ सालपछि मात्र सुरु भएको हो। प्रजातन्त्रको स्थापना पश्चात अधिकारको मुद्दा उठाउने संस्थाहरूको स्थापनाका लागि अनुकूल वातावरण प्राप्त भयो तर, यौनिक पहिचानको सन्दर्भले सीमित मान्यता प्राप्त गर्न पनि एक वर्ष लाग्यो।

यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार र सामाजिक न्यायका लागि काम गर्ने पहिलो गैरसरकारी संस्थाको रूपमा समर्पित नीलहिरा समाज सन् २००० मा दर्ता भएको थियो।[३] अन्य नागरिक समाज सङ्गठनहरू जस्तै बडी एण्ड डाटा (Body and Data), Inclusive Forum Nepal (इनक्लुसिव फोरम नेपाल, (मितिनी नेपाल) Mitini Nepal, (नेवा क्वेर सहआयाम) Newa Queer / Sahaayam पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकारका लागि काम गर्ने सामाजिक तथा नागरिकका सङ्गठनहरू हुन्।[४]

सन् २००७ डिसेम्बर २१ मा सुनिलबाबु पन्तले दायर गरेको मुद्दाको फैसलामा सर्वोच्च अदालतले सरकारलाई तेस्रो लिङ्गीलाई कानुनी रूपमा मान्यता दिन, सबै कानुनको लेखाजोखा गर्न, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायविरुद्ध भेदभाव गर्ने कानुनहरू पहिचान गर्न र समलिङ्गी सम्बन्धलाई कानुनी मान्यता दिन समिति गठन गर्न आदेश दिएको थियो।[५] यसपछि लैङ्गिक पहिचानका लागि विकल्पको रूपमा 'अन्य' शब्द प्रयोग गरी नागरिकता र राहदानीमा जारी गर्ने प्रबन्ध पनि हुँदै गयो।[६]

विभिन्न कानुनी संयन्त्रहरूले लैङ्गिक तथा

१. Foundation for Justice, LGBT Global Development Partnership, (2015), "BRIDGES TO JUSTICE: CASE STUDY OF LGBTI RIGHTS IN NEPAL", Astrea Lesbian Foundation for Justice.
२. Ibid
३. Ibid
४. https://www.equaldex.com/organizations/nepal
५. Sunil Babu Panta vs. Nepal Government, 2065, Decision Number. 7958
६. Foundation for Justice, LGBT Global Development Partnership, (2015), "BRIDGES TO JUSTICE: CASE STUDY OF LGBTI RIGHTS IN NEPAL", Astrea Lesbian Foundation for Justice.

यौनिक अल्पसङ्ख्यकहरूको अधिकार आन्दोलनलाई संरक्षण र मान्यता प्रदान गरेको भए तापनि हाम्रो समाजमा जरा गाडेर बसेका सामाजिक अवरोधका कारण कानुनी प्रावधानहरू लागु गर्न अपर्याप्त छन्।

**(ख) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकारको संरक्षण**

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई 'सम्मानपूर्वक बाँच्न पाउने अधिकार'[७] प्रदान गरेको छ र मृत्युदण्डलाई पनि निषेध गरेको छ।[८] साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ६ को भावनासँग पनि संविधानको भाव मेल खान्छ। यसै अनुबन्धको सामान्य टिप्पणी नं. ३६ ले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई "विशेष सुरक्षा" चाहिने समूहको रूपमा मान्यता दिएको छ।[९]

माथि उल्लिखित प्रावधानहरूको बावजुद अधिकार प्राप्तिको विषय अझै पनि टाढै छ। नेपालको संविधानको धारा ३०६(१) (क) मा "सङ्घीय कानूनले तोकेको प्रतिशतभन्दा कम जनसङ्ख्या भएको र फरक जातीय, धार्मिक वा भाषिक विशेषता भएका समूहहरूलाई बिना भेदभाव र उत्पीडन संरक्षण गर्ने आकाङ्क्षासहितको भाषिक, जातीय र धार्मिक समूह" भनी उल्लेख गरेको छ।[१०] त्यसैगरी, ३०६ (१)(क) ले सीमान्तकृतलाई "राजनीतिक, आर्थिक र सामाजिक रूपमा पिछडिएका र भेदभाव, उत्पीडन र भौगोलिक विकटताका कारण सेवा तथा सुविधा उपभोग गर्न नसक्ने वा मानव विकास मापदण्ड भन्दा तल्लोस्तरमा भएका समुदायहरू" भनी उल्लेख छ।[११] माथिका दुई परिभाषाहरूले यौनिक अल्पसङ्ख्यकहरूलाई अल्पसङ्ख्यक वा सीमान्तकृत समुदायको समूहको रूपमा समावेश गर्दैनन् जसले गर्दा कानुनी शून्यता देखिन्छ। लैङ्गिक तथा अल्पसङ्ख्यकहरू 'विशेष संरक्षण' गर्ने सन्दर्भमा नेपालको संविधान अझै अनुकूल हुन नसकेको देखिन्छ।

राजनीतिमा यौनिक अल्पसङ्ख्यकहरूको सहभागिता निराशाजनक छ।[१२] शिक्षा र रोजगारीका अवसरहरूमा पहुँचको कमी र सामाजिक बहिष्करणको जोखिमका कारण धेरै परालैङ्गिक समूहका मानिसहरूले जबरजस्ती यौनकर्मीको पेसा अपनाउनु परेको विभिन्न अध्ययनमा उल्लेखित छ। साथै, उनीहरूले उत्पीडनको पनि सामना गर्नु पर्दछ। ज्ञानको कमी र अनपेक्षित व्यवहारका कारण परालैङ्गिक समूहका मानिसहरूले कानुनी कागजात र कानुनी हैसियत प्राप्त गर्न अवरोधहरू भोग्नुपरेको छ।

ग्रामीण क्षेत्रहरूमा यौनिक अल्पसङ्ख्यकहरूले बढी समस्याहरू सामना गर्ने गर्दछन्, जहाँ उनीहरूले आधारभूत मौलिक अधिकारहरू सुरक्षित गर्न निरन्तर सङ्घर्ष गरिरहेका छन्। स्वास्थ्य, शिक्षा, निष्पक्ष रोजगारीका उनीहरूको माग र पहुँच अझै पूरा हुन सकेको छैन । नीलहिरा समाजको अध्यक्षका अनुसार, लैङ्गिक पहिचानको नागरिकता लिएका उनका साथीहरूले रोजगारीको अवसरबाट वञ्चित भएपछि उनीहरूमध्ये थोरैले परिचयपत्रमा लिङ्ग परिवर्तन गर्ने योजनासमेत बनाएका छन्।

नेपालले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारसम्बन्धी कानुनको सन्दर्भमा केही प्रगतिशील कदमहरू चालेको भए तापनि रूढीवादी समाजमा तिनीहरूको स्वीकृति सुनिश्चित गर्नु प्रमुख चुनौतीका रहनुका साथै, सरकारले विशेषत: उनीहरूको स्वीकार्यता अभिवृद्धिका लागि जनचेतना जगाउने प्रयासको भने अझै अभाव देखिन्छ। यसरी यस समुदायका व्यक्तिहरूमा भेदभाव, अवसर अभाव अन्त्य गर्न कुनै कानुनहरू निर्माण भएका छैनन्। शिक्षा र सांस्कृतिक सहभागितामा उनीहरूको अधिकारको रक्षा गर्न विशेष कानुनहरू जरुरी पर्छन्। यस अध्ययनले सम्बन्धित समुदायको आर्थिक र सांस्कृतिक सहभागिता र सम्बन्धित अधिकारको स्थिति उजागर गर्ने प्रयास गरेको छ।

---

७. Article 16, Constitution of Nepal, 2015
८. Ibid
९. General Comment No.36 on article 6 of the International Covenant on Civil and Political Rights on the right to life, 2018, para 23
१०. Article 306(1)(a), Constitution of Nepal, 2015
११. Article 306(1)(a), Constitution of Nepal, 2015
१२. Pinky Gurung (chairperson of blue diamond society), 'Rights of LGBTI people should be protected', available at: https://therisingnepal.org.np/news/23500

**(ग) अध्ययनको सान्दर्भिकता र सीमा**

यस अध्ययनको उद्देश्य यौनिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिको अवस्था पत्ता लगाउने र उनीहरूलाई अधिकारको प्रयोग गर्नबाट बञ्चित गर्ने सामाजिक अवरोधहरूको पहिचान गर्ने रहेको छ।

काठमाडौं र पोखरामा गरिएको लक्षित समूह छलफलबाट प्राप्त भएका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारकर्मीहरूको अनुभवका साथै अन्य पुस्तकहरू, लेखहरू, समाचार तथा विभिन्न अध्ययन प्रतिवेदन लगायतका सन्दर्भ सामग्रीहरूको सहयोग लिइएको छ। यस अध्ययनमा नेपालका दुई प्रदेश (बागमती र गण्डकी) को मात्रै जानकारी समावेश गरिएको छ।

**(घ) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अवस्था**

लैङ्गिक तथा यौनिक पहिचान भएकाहरूले भोगेको विद्यमान विभेद सामाजिक तथा सांस्कृतिक असमानता र विभेद प्रमुख कारणहरूको रूपमा पहिचान गरिएको छ। सहभागीहरूले लक्षित समूह छलफलमा भेदभावका लागि आर्थिक स्थिति र सामाजिक संरचनामा निर्भर हुने गरेको बताए। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका अधिकारकर्मीहरूले यौनिक र लैङ्गिक स्वीकृति वा सीमान्तीकरण सामाजिक-राजनीतिक सन्दर्भ, कानुनी व्यवस्था, शैक्षिक अवसर, सामाजिक जीवनमा धर्मको प्रभुत्व, भिन्न वा विषम समूहहरूप्रति सहिष्णुता र सांस्कृतिक प्रथाहरू र सम्बन्धित व्यक्तिको कार्यसम्पादन वा सशक्तिकरणको सन्दर्भमा भिन्नभिन्न हुने बताए।

अधिकारमा पहुँच र सामाजीकिकरण कार्य वातारण अनुकूल वा संकुचित हुने अवस्थामा निर्भर हुने विश्वास गरिएको छ। यस अध्ययनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूका लागि सम्मानजनक जीवन सुनिश्चित गर्न आधारभूत प्राथमिकताहरू प्रस्तुत गर्न प्रयास गर्दछ। पोखरा र काठमाडौंमा केन्द्रित लक्षित समूह छलफलबाट प्राप्त जानकारीलाई चार खण्डमा विभाजन गरिएको छ :

**१. अवस्थाको पहिचान : सङ्घर्षको मुद्दा र समस्या**

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानको मुद्दा लामो समयदेखि बहसको विषय बनेको छ। लैङ्गिक पहिचान छनोट र नागरिकता प्राप्त गर्ने अधिकार संविधानद्वारा प्रत्याभूति भए पनि प्राविधिक वा नियामक कमजोरीका कारण यस समुदायका मानिसहरूले अधिकारको पूर्ण उपयोग गर्न अझै चुनौतीहरू खेप्नुपरेको छ। परालैङ्गिक व्यक्तिहरूको मामिलामा अधिकांशको नागरिकता वा अन्य कानुनी कागजातहरूमा लैङ्गिक पहिचान अझ भेटिदैन।

सरकारले कागजातहरूमा आफ्नो लैङ्गिक पहिचान भएका व्यक्तिहरूको सन्दर्भमा, उनीहरूको नाम छनौट गर्ने स्वायत्तता खोसेर नाम तोक्ने अधिकारबाट बञ्चित गरेकोछ। कुनै पनि कानूनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूलाई नाम दिने अधिकार सरकारलाई दिँदैन, तर व्यवहारमा भइरहेको यथार्थ अभ्यासमा कायम रहेको छ। कागजातहरूमा लैङ्गिक पहिचान परिवर्तन गर्न सामना गर्नुपर्ने अर्को प्रमुख विषय भनेको विद्यमान नीति जसमा पुरुषबाट महिला र यसको विपरीत लैङ्गिक पहिचान परिवर्तन भएको खुलाउने डाक्टरबाट शल्यक्रियाको प्रमाणका आवश्यक कागजातहरू पेश गर्नु पर्ने प्रावधान पनि हो।

लक्षित समूह छलफलका सहभागीहरूका अनुसार वीर अस्पतालमा एक चिकित्सा समिति छ जसले व्यक्तिहरूलाई उनीहरूको जैविक स्थिति प्रमाणित गर्नका लागि शारीरिक परीक्षण गर्दछ। यस्ता परीक्षणले उनीहरूको शारीरिक र भावनात्मक रूपमै ठेस पुगेको बताएका छन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूले राजनीतिक पहिचान, अर्थात् नागरिकता प्राप्त गर्ने सन्दर्भमा पनि गम्भीर भेदभावको सामना गर्नुपरेको बताए। उनीहरूका अनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको शरीरको परीक्षणको स्वीकृत अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरूको गम्भीर उल्लङ्घन हो।

यस्ता प्रक्रियाले दुई समस्या खडा गर्दछ। व्यक्तिको गोपनीयताको अधिकार र तिनीहरूको शरीरको अधिकारको उल्लङ्घन मानिन्छ। व्यक्तिको लैङ्गिकताको पूर्वानुमान गर्नुलाई प्रणालीको प्रमुख आधार मान्नु व्यक्तिको शारीरिक स्वायत्ततामाथि आक्रमण गर्नु हो। नागरिकता प्रमाणपत्रमा पहिचान परिवर्तन गर्न थप स्वायत्तताको आवश्यकताको बारेमा उनीहरूले छलफल र युक्तिपूर्ण प्रतिबन्धहरू आवश्यक रहेको बताए। उदाहरणका लागि, आफ्नो नागरिकतामा लिङ्ग परिवर्तन गर्न इच्छुक व्यक्तिलाई त्यसो गर्न अनुमति दिनुपर्छ, तर एक वा दुई पटकभन्दा बढी होइन। एउटा बृहत् कानूनले मात्र यो समस्यालाई

सम्बोधन गर्न सम्भव छ।

नागरिकता प्रमाणपत्रमा 'अन्य' भनी लैङ्गिक पहिचान भएकाहरू अझै पनि मताधिकारबाट बञ्चित छन्। मुख्य रूपमा 'अन्य' लिङ्ग समावेश गर्ने चलन थुप्रै अन्य देशहरूमा स्वीकार गरिएको छैन, जसले यस्ता व्यक्तिहरूको यात्रालाई प्रतिबन्धित गर्दछ। साथै चुनावमा उम्मेदवारीको अधिकार प्रबन्ध भएको देखिदैन। निर्वाचन कानुनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका 'अन्य' उल्लेख गरिएका व्यक्तिहरूको प्रतिनिधित्वको अधिकारलाई मात्र मतदानमा सीमित गर्दछ। लैङ्गिक पहिचानका रूपमा 'अन्य' लाई निर्वाचन आयोगले उम्मेदवारीका लागि मान्यता दिएको छैन।

अन्य कागजातहरू जस्तै विद्यालय र विश्वविद्यालयद्वारा दिइने प्रमाणपत्रहरूमा पनि समस्या देखिन्छन्। कागजातहरूमा नाम परिवर्तन गर्ने कुनै तरिकाहरू नहुँदा, कुनै व्यक्तिले सरकारी कागजातहरूमा नाम र लैङ्गिक पहिचान परिवर्तन गर्न प्रबन्ध गर्दछ भने, प्रमाणपत्रहरूमा नामहरू बेमेल हुन्छन् जसका कारण रोजगारी र थप अध्ययनहरूमा समस्या उत्पन्न हुन्छ। शिक्षाबाट वञ्चित हुनुले प्रत्यक्ष रूपमा अन्य धेरै अधिकारहरू प्राप्तिमा अवरोध पुग्छ, जस्तै रोजगारीको अधिकार, वाक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता लगायत आदि। यसका साथै पहिचानको उचित कागजपत्र नहुँदा बैङ्क खाता खोल्नबाट समेत वञ्चित हुनुपरेको छ।

## २. सामाजिक स्वीकृति

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरू अझै पनि स्वीकृतिको लागि लडिरहेका छन् भने महिलाहरू लैङ्गिक समानताको लडाइमा संलग्न भएका छन्। स्वीकृति भन्नाले लैङ्गिकतामा दोहोरो पहिचान मात्र होइन। लैङ्गिक र यौनिक पहिचानका बारेमा सबै सामु चिनाउने प्रक्रिया क्रमिक हुन्छ र कहिलेकाहीँ एक व्यक्तिलाई आफ्नो लिङ्ग र यौन पहिचानसँग सम्झौता गर्न र सबै सामु चिनाउन जीवनभर लाग्छ।

सामान्यतया, समाजमा यस्ता व्यक्तिको स्वीकार्यताको कमी छ। लक्षित समूह छलफलका सहभागीहरूका अनुसार एकल परिवारले उनीहरूको पहिचान सहन वा स्वीकार गर्न सक्ने भए तापनि संयुक्त परिवार सहितको ठूलो समुदायले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहका मानिसहरूलाई स्वीकार गर्न हिच्किचाउछन। परिवार भित्र पनि एक विरोधाभास देखिन्छ, जहाँ एकल पारिवारिक परिवेशमा विविध यौनिक पहिचानको त स्वीकृति छ तर समुदायमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक रहेका आफ्नो परिवारको सदस्यको यौनिक पहिचान उजागर गर्न परिवार हिचकिचाउँछन्। समाज अझै पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई यौन परिचय र लैङ्गिक पहिचान भएको व्यक्तिकारूपमा स्वीकार गर्न अनिच्छुक छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिको आर्थिक स्थिति र व्यक्तिको परिवारको आर्थिक वर्गसँग यौन परिचय र लैङ्गिक पहिचानको स्वीकृतिको अवस्थामा आनुपातिक हुन्छ। लक्षित समूह छलफलका एक सहभागीले 'उच्चवर्गीय परिवारहरू स्वीकृतिमा लचिलो रहेको छ जबकि मध्यम वर्गीय परिवारहरू यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई यौन परिचय र लैङ्गिक पहिचानका आधारमा मान्यता दिन बढी अनिच्छुक भएको' बताए। यसका साथै परिवारले आफ्नो परिवारको सदस्यको पहिचानलाई स्वीकार तब गर्ने गरेको देखियो यदि उसले परिवारलाई आर्थिक रूपमा योगदान गर्दछ। यो छर्लङ्ग देखिने सत्य हो कि व्यक्तिहरूले परिवार, विस्तारित परिवार, र नजिकको समुदायसँग अन्तरक्रिया गर्दा अनुकूल व्यवहार गर्ने अपेक्षा गरिन्छ।

त्यसैगरी, संस्कृतिको पनि स्वीकृतिमा अहम् भूमिका रहन्छ। तराई र मधेसका केही भागहरूमा भने परम्परागतरूपमा नृत्य र मनोरञ्जन कार्यसँग जोडिएका केही परिवारहरूको हकमा आफ्ना परिवारका परालैङ्गिक सदस्यहरूलाई नर्तक नर्तकी वा (नचैया) का रूपमा प्रचलित गराउने उद्देश्यले स्वीकार गर्ने गरेको पाइन्छ। परालैङ्गिक सदस्यहरू सांस्कृतिक उत्सवहरूमा नृत्य लगायतमा भाग लिन्छन् यद्यपि, उनीहरू अझै पनि भेदभाव सहिरहेका छन् र उनीहरूलाई समान रूपमा व्यवहार गरिएको छैन। यसै कारण सामाजिक स्वीकृतिको कमीले यी व्यक्तिहरूलाई घरबाट भाग्न, शिक्षा छोड्न वा कुनै स्थान वा समूहमा सीमित रहन बाध्य बनाउँछ।

लैङ्गिक पहिचानको सामाजिक स्वीकार्यता कमजोर छ। यसको प्रमुखकारण मध्ये विविध यौन पहिचान प्रतिको विभेदकारी दृष्टिकोण हो। त्यसैले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको व्यक्तिले सीमित स्थान वा समूहसँगमात्र काम गर्न सक्ने अवस्था रहेको छ। सामाजिक स्वीकृतिको अवरोधका कारण,

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूले आफ्नो यौन परिचय र लैङ्गिक पहिचानको खुलासा नगरी जिउन बाध्य छन्।

### ३. आर्थिक आयाम र जीविकोपार्जन

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरूले विद्यालय र कार्यस्थलहरूमा पूर्वाग्रह र पक्षपातको सामना गरेका छन् जसमा मुख्य समस्या दुर्व्यवहार हो। माथिल्लो र शक्तिशाली पदमा कार्यरत व्यक्तिहरूले पनि आफ्नो पहिचान खुलाएमा आफ्नो अधिकार प्रयोग गर्न सक्दैनन्। धेरैजसो अवस्थामा, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक अधिकारसँग सम्बन्धित संस्थाहरूमा काम नगरेसम्म आफ्नो कार्यस्थलमा आफ्नो पहिचान प्रकट गर्दैनन्। यद्यपि, तिनीहरूको पहिचान तिनीहरूको सूक्ष्म चालचलनहरूको आधारमा मापन गरिन्छ।

यस क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूका अनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका प्रतिनिधिहरूले कार्यस्थल, शैक्षिक संस्थाहरू र सामान्य बजार मूल्य शृंखलामै चुनौतीहरूको सामना गरिरहेका छन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू आरक्षणकालागि उपयोगी देखिन्नन किनभने तिनीहरू समाजको सीमान्तीकृत वर्गहरूमा पनि सामान्य स्वीकृतिको लागि निरन्तर सङ्घर्ष गरिरहेका छन्।

अपर्याप्त नीति र स्रोत प्रबन्धका कारण यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका अधिकांश मानिसहरू सम्मानित आर्थिक अवसरहरूबाट अझै वञ्चित छन्। लक्षित समूह छलफलका एक सहभागीले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिलाई सम्मानजनक काममा संलग्न हुनका लागि विभिन्न कारकहरू र अवरोधहरू छन्, जसले उनीहरूलाई आम्दानी गर्न निकृष्ट जोखिमयुक्त र गुप्त कार्य गर्न दवाब पैदा गर्छन र समुदायलाइ आम सामाजिक जीवनबाट अलग गर्छन्।

### ४. सांस्कृतिक सहभागिता र सीमाहरू

लक्षित समूह छलफलका सहभागीहरूले सांस्कृतिक स्वीकृतिमा धर्मको ठूलो भूमिका रहेको बताए। उनीहरूले हिन्दू र बौद्धजस्ता कुनै निश्चित धर्मका व्यक्तिले चाडपर्वमा सहभागिताका केही लचिलोपना भएको बताए। यद्यपि, सामाजिक चालचलन र परम्परागत संस्कारका कारण धार्मिक समझ वा सन्दर्भहरूमा प्रभाव पार्दछ। यसले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूको सांस्कृतिक अन्तरक्रियामा बाधा पुऱ्याएको छ। विवाहलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूले एक महत्त्वपूर्ण संस्कृतिको रूपमा महसुस गरेका छन्। यद्यपि, कानुनी स्वीकृतिको सीमितताका कारण यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू सँगै बस्न धेरै सामान्य हुँदै गएको छ। विवाहका सन्दर्भमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई कानुनी अधिकार प्राप्त नहुँदा सांस्कृतिक रूपान्तरण र सामाजिकीकरणको समस्या उत्पन्न हुन्छ तसर्थ धर्मपुत्र पुत्री ग्रहण गर्ने र सम्पत्ति हस्तान्तरण मा अवरोध रहेको पाइन्छ।

### (ङ) निष्कर्ष

कानुनमा उल्लेखित भएका विषय र व्यवहारमा ठूलो अन्तर रहेको छ। नेपालको संविधानबमोजिम मौलिक हक अर्न्तगतका समानताको हक, भेदभाव विरुद्धको हक, लैङ्गिक पहिचानसहितको नागरिकता छनोटको हक लगायतका हकको प्रत्याभूति भए पनि कार्यान्वयनमा जटिलता देखिँदै आएको छ।

सामाजिक र आर्थिक पूर्वाग्रहका सन्दर्भमा, आफ्नो पहिचान गोप्य राख्ने व्यक्तिहरूलाई पनि तिनीहरूको स्वरुप र चालचलनको आधारमा भेदभाव भएको पाइयो। विद्यालय र समुदायमा दुर्व्यवहार र उत्पीडनका घटना व्याप्त छन्। अनुपयुक्त शौचालय, सामाजिक बहिष्करणका साथै सहपाठीहरू र शिक्षक दुवैबाट उत्पीडन जस्ता विभिन्न अवरोधहरू उनीहरूले सहनु परेको छ। धेरैजसो परालैङ्गिक व्यक्तिहरूले पढाइ छोडेर सानै उमेरदेखि काममा संलग्न हुन्छन्। बालबालिका र आधिकांश यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू सम्मानजनक कामबाट वञ्चित छन् र मनोरञ्जन क्षेत्रमा काम गर्न बाध्य छन्। शिक्षाको अवसर र रोजगारीको पर्याप्त अवसर नहुँदा यस्तो अवस्था सिर्जना भएको हो। उच्च शिक्षा हासिल गर्न सफल भएका अधिकांश व्यक्तिहरूले आफ्नो परिचय गोप्य राखेकाले मात्रै उच्च शिक्षा हासिल गर्न सम्भव भएको देखिन्छ।

रोजगारीमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूका लागि समानस्तरको र राम्रा अवसरहरू प्राप्त हुँदैनन्। यस समुदायका मानिसलाई लक्षित व्यवसायिक शिक्षा र रोजगारीका अवसरहरूको सुनिश्चिततताद्वारा यस समस्यालाई हटाउन सकिन्छ। उपयुक्त लैङ्गिक र सामाजिक समावेशीकरण योजना

र नीतिहरू सहित सामाजिक समावेशीकरणका क्षेत्रमा काम गर्ने संस्थाहरूले आफ्नो कार्यस्थलहरूमा रहेको यस्ता समस्या कम गर्न मद्दत गर्न सक्छन्।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूका लागि समान अवसर अझै पनि मृगतृष्णा रहेको छ। संविधान र कानुनहरूमा 'अल्पसङ्ख्यक' र 'सीमान्तकृत' को परिभाषाहरूले "यौन अल्पसङ्ख्यक" लाई संरक्षण चाहिने समूहको रूपमा स्वीकार गरेको छैन। यसले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूलाई कानुनद्वारा अल्पसङ्ख्यकहरूलाई प्रदान गरिएको 'विशेष सुरक्षा' र 'सकारात्मक कार्यहरू' को अधिकार उपभोग गर्न कठिनाइहरू सिर्जना गरेको छ।

कानुनी संरक्षण, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूले सामना गर्ने समस्या र चुनौतीहरूको पहिचान र सामाजिकीकरणका अवसरहरूका साथै यी मानिसहरूको बारेमा जागरुकता निर्माण गर्न लक्षित अभियानले उनीहरूको सामाजिक स्वीकृति बढाउन मद्दत गर्न सक्दछ। साथै, शिक्षा र रोजगारीमा समान अवसरले उनीहरूको सामाजिक स्थिति माथि उठाउन र सम्मानका साथ आफ्नो जीविकोपार्जन गर्न पनि मद्दत गर्न सक्छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि यस समुदायका अधिकारकर्मीहरूले निम्नबमोजिमको व्यवस्था हुनुपर्ने सुझाव प्रस्तुत गरेका छन्।

- लैङ्गिक पहिचानका साथ नाम परिवर्तन गर्ने प्रावधानसहित व्यक्तिको इच्छा अनुसार नागरिकता प्रदान गर्ने प्रावधानको व्यवस्था हुनपर्ने।
- मानव अधिकार विपरीत प्रचलनमा रहेको महिला वा पुरुष मात्र राखी नागरिकता प्राप्त गर्न खोज्ने पारलैङ्गिक व्यक्तिहरूको लागि चिकित्सा समितिद्वारा पुष्टि गर्ने अभ्यासलाई हटाउनुपर्ने।
- समलिङ्गी विवाह समितिको प्रतिवेदन कार्यान्वयन गर्ने र समलिङ्गी विवाहलाई मान्यता दिने कानुनको निर्माण हुनुपर्ने।
- स्कुल, कलेज र विश्वविद्यालयहरूको पाठ्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विषयहरू समावेश गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूको अधिकारलाई प्रतिबन्धित गर्ने मुलुकी देवानी र फौजदारी संहिता र अन्य भेदभावपूर्ण कानुनहरूलाई संशोधन र परिमार्जन गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरूलाई न्यायमा पहुँच सहज बनाउन भेदभाव नगरिने नीतिहरू र कानुनहरू अपनाउनुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहहरूलाई आफ्नो पहिचान घोषणा गर्न सक्षम बनाउने सुरक्षित वातावरण सिर्जना गर्नुपर्ने।
- सार्वजनिक सेवा र राज्य संयन्त्रहरूमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहहरूको सहभागिता र प्रतिनिधित्व बढाउन समावेशी संवैधानिक प्रावधानहरूलाई पूर्ण रूपमा लागू गर्नुपर्ने।
- अधिकारमा आधारित न्यायको लागि नेपालको संविधान अनुसार यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री निर्देशनहरूमा यौन र लैङ्गिक अल्पसङ्ख्यकहरूको परिभाषामा वर्णित हुने गरी निर्माण र सुनिश्चित गर्नुपर्ने।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायहरूको चेतना जगाउन र उनीहरूका लागि सामाजिक स्थानलाई थप मैत्री र समावेशी बनाउन आवश्यक अभियान सुरु गर्नुपर्ने।